आज मिति २०८२ साल मङ्सिर १७ गते बुधबारका दिन सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको ऐन,२०७७ पहिलो संशोधन २०७९को दफा ९ (१) अनुसार प्रतिष्ठानको कार्यकारी समितिको नवौं बैठक समितिका अध्यक्ष एवं सुदूरपश्चिम प्रदेश सरकार प्रमुख सचिव श्री बैकुण्ठ प्रसाद अर्यालज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा धनगढी, कैलालीमा बसि तपसिल अनुसारका विविध विषयमा छलफल तथा निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | नाम थर | कार्यालय | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री बैकुण्ठ प्रसाद अर्याल | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | अध्यक्ष | |
| २. | श्री बिमल प्रसाद बराल | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य | |
| ३. | डा. हेम राज रेग्मी | सामाजिक विकास मन्त्रालय | सदस्य | |
| ४. | श्री दिर्घ नारायण कोईराला | पर्यटन, वन, वातावरण तथा उद्योग मन्त्रालय | सदस्य | |
| ५. | श्री धन बहादुर रोकाय | आर्थिक मामिला मन्त्रालय | सदस्य | |
| ६. | श्री आमोद दाहाल | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य | |
| ७. | श्री गणेश सिहं ऐरी | कृषि, सहकारी तथा भूमि व्यवस्था मन्त्रालय | सदस्य | |
| ८. | श्री मोहन सिंह कुँवर | भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य | |
| ९. | श्री गेहन्द्र बम | सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान | सदस्य सचिव | |

बैठकका कार्यसूची तथा प्रस्तावहरुः

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. प्रतिष्ठानको आर्थिक वर्ष २०८२/८३ को हाल सम्मको प्रगति प्रस्तुतीकरण।

३. आर्थिक तथा प्रशासनिक बिनियमावलि माथिको छलफल तथा स्वीकृतिका लागि परिषद् समक्ष सिफारिस सम्बन्धमा।

४. यस आर्थिक बर्षमा निर्माण हुने स्थानीय तहको आवधिक योजनाको लागि स्थानीय तह छनोट तथा लागत अनुमान स्वीकृतिको लागि सिफारिस सम्बन्धमा ।

५. सहायक पाचौ तह/अधिकृत स्तर छैठौ तहको पाठ्यक्रम स्वीकृतिका लागि सिफारिस सम्बन्धमा।

६. प्रतिष्ठानको गाडी खरिद प्रक्रियाको स्वीकृतिका लागि परिषद् समक्ष सिफारिस सम्बन्धमा।

७. प्रतिष्ठानको तालिम हल तथा आवास गृह व्यवस्थापन कार्यविधि स्वीकृतिका लागि सिफारिस सम्बन्धमा।

८. प्रतिष्ठानको डीपीआर स्वीकृतिका लागि सिफारिस सम्बन्धमा ।

निर्णयहरुः

१. समितिको यस अधि सम्पन्न आठौ बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल गरियो।

२. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आर्थिक बर्ष २०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार हाल सम्मको प्रगति विवरणलाई प्रस्तुत गरी छलफल तथा आगामी योजनाको बारेमा पृष्ठपोषण प्रदान गरियो।

३. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको ऐन २०७७, पहिलो संशोधन २०७९ को दफा ३१ बमोजिम विनियमावली बनाई लागू गर्न सकिने व्यवस्था अनुसार प्रतिष्ठानको आर्थिक तथा प्रशासनिक विनियमावली तयारी सम्बन्धमा समितिको आठौ बैठकको निर्णण अनुसार तयारी समिति गठन गरि सो समितिले तयार गरेको विनियमावली यस बैठकमा पेश हुन आएकोले थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने ।

४. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आ. व. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहको लागत साझेदारीमा तयार गरिने आवधिक योजनाको लागि तपसिल अनुसारका स्थानीय तह छनोट गरी सोको लागत अनुमान प्रदेश नीति तथा योजना आयोगसंगको समन्वय र छलफल पश्चात स्वीकृतिको लागि अनुसन्धान तथा प्रशिक्षण परिषद समक्ष सिफारिस गर्ने ।

वैकुण्ठ प्रसाद अर्याल
प्रमुख सचिव

CamScanner

तपसिलः

| जिल्ला | स्थानीय तह | प्रति स्थानीय तह अनुमानित लागत |
|---|---|---|
| बाजुरा | खप्तड छेडेदह गाँउपालिका, बडिमालिका नगरपालिका | १४ लाख ७ हजार |
| डोटी | वोग्टान फुडसिल गाँउपालिका, शिखर नगरपालिका | १४ लाख ७ हजार |
| बझाङ | खप्तडछान्ना गाँउपालिका | १४ लाख ७ हजार |
| कैलाली | कैलारी गाँउपालिका | १४ लाख ७ हजार |
| डडेल्धुरा | गन्यापधुरा गाँउपालिका | १४ लाख ७ हजार |

५. सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन सञ्चालन र सेवा सर्त सम्बन्धी ऐन २०८२ को दफा ३० को प्रावधान अनुसार कर्मचारीहरुको लागि सञ्चालन गरिने सेवाकालिन तालिम सहायक स्तर चौथो, सहायक स्तर पाँचौ र अधिकृत स्तर छैठौं लागि अलग-अलग पाठ्यक्रम तयार गरी स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन गर्ने उल्लेखित तहको पाठ्यक्रम स्वीकृतिका लागि अनुसन्धान तथा प्रशिक्षण परिषद समक्ष सिफारिस गर्ने ।

६. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको गाडी गत जेन जी आन्दोलनको क्रममा आगजनी भई नष्ठ भएको र सो गाडीको वाफतको विमा रकम विविध खातामा प्राप्त भई सकेको हुँदा खरिद प्रक्रिया अगाडी बढाउन आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई अनुसन्धान तथा प्रशिक्षण परिषद समक्ष सिफारिस गर्ने ।

७. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको ऐन २०७७, पहिलो संशोधन २०७९ को दफा ३२ बमोजिम कार्यविधि बनाई लागू गर्न सकिने व्यवस्था अनुसार प्रतिष्ठानको प्रतिष्ठानको तालिम हल तथा आवास गृह सञ्चालन कार्यविधि, २०८२ स्वीकृतको लागि अनुसन्धान तथा प्रशिक्षण परिषद समक्ष सिफारिस गर्ने ।

८. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको लागि प्रशिक्षार्थी आवास गृहको आवश्यक्ता भएको र सो को निर्माणको लागि तयार भएको डीपीआर यस बैठकमा पेश भई छलफल गरियो र सो डीपीआर स्वीकृत वजेटका आधारमा बहुबर्षिय स्रोत सुनिश्चितताको लागि आर्थिक मामिला मन्त्रालयमा अनुरोध गर्ने ।

**वैकुण्ठ प्रसाद अर्याल**
**प्रमुख सचिव**

CamScanner